**आकाशवाणी समाचार- नेपाली**

मितिः ५ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- विश्व पर्यावरण दिवसको अवसरमा प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा वृक्षारोपण गर्नु हुने छ।
- केन्द्र सरकारले वर्ष 2027 मा दुई चरणमा जनगणना गराउने निर्णय गरेको छ। यसको साथै जाति गणना पनि गरिने छ।
- संसदको मानसून सत्र 21 जुलाई देखि शुरू हुने छ तथा 12 अगस्त सम्म चल्ने छ।
- अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसका राष्ट्रपति व्लादिमीर पुतिन बीच फोनमा लामो वार्ता, तर युक्रेनमा तत्काल शान्तिको सम्भावना देखिएन।
- सिक्किमको लाचेनमा फंसेका 110 पर्यटकहरूलाई सेनाको हेलिकप्टरद्वारा आज उद्दार गरिने छ।
- राम जन्म भूमि मन्दिरको प्रधम तल्लामा आज विग्रहहरूमा प्राण प्रतिष्ठा गरिने छ।

**<u>विश्व पर्यावरण दिवस</u>**

आज विश्व पर्यावरण दिवस पालन गरिन्दै छ। प्रकृति र पृथ्वीको संरक्षणका लागि सकारात्मक पर्यावरणीय कारवाही प्रति विश्व भरि जागरूकता फैलाउने उद्देश्यले यो दिवस पालन गरिन्छ। धरतीमा जीवन बचाउन बारे मानिसहरूलाई जागरूक गर्नका लागि संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमको अंगको रूपमा 1973 देखि प्रत्येक वर्ष 5 जूनको दिनलाई विश्व पर्यावरणको रूपमा पालन गरिन्छ। यो वर्ष विश्व पर्यावरण दिवसको विषय छ -प्लास्टिक प्रदूषणलाई परास्त गर्नु।

**<u>प्रधानमन्त्री - वृक्षारोपण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज विश्व वातावरण दिवसमा 'एक पेड माँ के नाम' पहलको एक भागको रूपमा नयाँ दिल्लीको भगवान महावीर वनस्थली पार्कमा विशेष वृक्षारोपण अभियानको नेतृत्व गर्नुहुनेछ। यो अभियान ७०० किलोमिटर लामो अरावली पर्वतश्रृंखलाको पुन: वनीकरण गर्ने उद्देश्यले महत्वाकांक्षी 'अरावली हरित पर्खाल परियोजना' को एक महत्वपूर्ण अंश हो। श्री मोदीले वातावरण संरक्षण र वनीकरण प्रयासप्रति भारतको प्रतिबद्धताको प्रतीकको रूपमा बरगदको बिरुवा रोप्नुहुनेछ। अरावली हरित पर्खाल परियोजनाले दिल्ली, राजस्थान, हरियाणा र गुजरातका २९ जिल्लाहरूमा अरावली पहाडहरू वरिपरि ५ किलोमिटर बफर जोनलाई लक्षित गर्दछ। यसले हरियाली आवरण बढाउने, जैविक विविधता पुनर्स्थापित गर्ने, माटोको उर्वरता सुधार गर्ने, जलस्रोतहरूको संरक्षण गर्ने र यस क्षेत्रमा जलवायु लचिलोपन बढाउने कुरामा केन्द्रित छ। पारिस्थितिक फाइदाहरूका साथै, परियोजनाले वनीकरण र पुनर्स्थापना गतिविधिहरू मार्फत स्थानीय समुदायहरूको लागि रोजगारी सिर्जना गर्ने र जीविकोपार्जनका अवसरहरू प्रदान गर्ने अपेक्षा गरिएको छ। दिगो शहरी गतिशीलतालाई प्रवर्द्धन गर्ने समानान्तर कदममा, प्रधानमन्त्रीले दिल्ली सरकारको स्वच्छ यातायात पहल अन्तर्गत २०० विद्युतीय बसहरूलाई पनि झण्डा देखाउनुहुनेछ। यी विद्युतीय बसहरूको सुरुवातको उद्देश्य राष्ट्रिय राजधानीमा वायु प्रदूषण कम गर्नु र हरित यातायात अपनाउने प्रवर्द्धन गर्नु हो।

**<u>प्रधान.एक पेड़ मां के नाम</u>**

केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधानले हिजो एक पेड़ माँ के नाम अभियानमा सामेल हुने तथा यसलाई बल प्रदान गर्न सबैसित आग्रह गर्नु भयो। एक वीडियो संदेशमाए श्री प्रधानलो मानिसहरूसित विश्व पर्यावरण दिवसको अवसरमा प्रधानमंत्री नरेन्द्र

मोदीको मिशन लाइफको दृष्टिकोणलाई अघि बढ़ाउने आह्वान गर्नु भेको छ। श्री प्रधानले भन्नु भेको छ - यो पहल प्रकृति प्रति प्रेम र जिम्मेदारीको प्रतीक हो। देश भरि पहिले नै पांच करोड़ 50 लाख भन्दा बढी रूखहरू लगाई सकिएका छन्। उहाँले छत्तीसगढ़ए त्रिपुरा र राजस्थानका नानीहरू अनि उनिहरूका आमाका प्रयासहरूको सराहना गर्नु भयो। श्री प्रधानले भन्नु भयो संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम अनुसार जलवायु परिवर्तनको समाधान केवल नयाँ तकनीकहरूमा सीमित नरहेर बदलिन्दै गरेको जीवन शैलीमा पनि अन्तर निहित छ। उहाँले यो पनि भन्नु भयो कि 29 लाख भन्दा बढी छात्र-छात्राहरूले स्वयं द्वारा लगाइएका बोटहरूका लागि 50 लाख भन्दा बढी क्यूआर कोड तयार गरेका छन्ए जो भारतका लागि एउटा विशालए डिजिटल र सुलभ पर्यावरण डेटाबेसको निर्माणमा योगदान दी रहेका छन्।

**प्रधानमंत्री.परिषद की बैठक**

प्रधानमंत्री नरेंद्र मोदीले हिजो अबेर साँझ नयाँ दिल्लीमा केंद्रीय मंत्रिपरिषद बैठकको अध्यक्षता गर्नु भयो। पहलगाम आतंकी हमला अनि ऑपरेशन सिंदूर पछि यो पहिलो मंत्रिमंडलको बैठक थियो। बैठकमा अमित शाहए राजनाथ सिंहए नितिन गडकरी, जे पी नड्डाए चिराग पासवान र सी आर पाटिल समेत सबै केंद्रीय मंत्रीहरू उपस्थित थिए।

**प्रधानमंत्री. रामसर स्थल**

भारतका थप दुई ऐतिहासिक स्थलहरूलाई रामसर धरोहर स्थलहरूलाई विश्व सूचीमा सामेल गरिएको छ। यी दुई स्थलहरूलाई रामसर धरोहर सूचीमा शामेल गरिएकोमा प्रधानमंत्री नरेंद्र मोदीले प्रशंसा गर्दै पर्यावरण संरक्षणको दिशामा भारतको निरंतर प्रगतिको सराहना गर्नु भएको छ। राजस्थानको फलौदीमा खीचन र उदयपुरमा मेनार वेटलैंड्सलाई रामसर स्थलहरूको प्रतिष्ठित सूचीमा शामेल गरिएको छ। यसका साथै भारतमा अब जम्मा ९१ रामसर स्थलहरू सूचीबद्ध भएका छन्। केंद्रीय पर्यावरणए वन तथा जलवायु परिवर्तन मंत्री भूपेंद्र यादव द्वारा सोशल मीडियामा गरिएको एक पोस्टको जवाफमा प्रधानमंत्रीले भन्नु भेको छ - पर्यावरण संरक्षणमा भारतको प्रगति निकै तेज गतिमा भई रहेको छ र यसमा जन भागीदारी उल्लेखनीय छ। श्री यादवले यसलाई पर्यावरण संरक्षणको दिशामा प्रधानमंत्री श्री मोदीको ध्यानाकर्षणको प्रमाण हो भनि बताउनु भएको छ।

**संशो सरकार जनगणना**

केन्द्र सरकारले वर्ष 2027 मा दुई चरणमा जनगणना गराउने निर्णय गरेको छ। यसको साथै जाति गणना पनि गरिने छ। जनगणनाका लागि संदर्भ तिथि 1 मार्चए 2027 हुने छ। केंद्रीय गृह मंत्रालयले भनेको छ लद्दाख र जम्मू-कश्मीर, हिमाचल प्रदेश तथा उत्तराखंडका हिंउले ढाकिएका क्षेत्रहरूका लागि संदर्भ तिथि 1 अक्टूबरए 2026 हुने छ। यी संदर्भ तिथिहरूका साथ जनगणना गराउने अधिसूचना 16 जूनको दिन आधिकारिक राजपत्रमा प्रकाशित हुने संभावना छ। पछिलो जनगणना वर्ष 2011 मा दुई चरणमा गरिएको थियो।

**संसद . मानसून सत्र**

संसदको मानसून सत्र २१ जुलाई देखि शुरू हुने छ तथा १२ अगस्त सम्म चल्ने छ। यो जानकारी हिजो नयां दिल्लीमा मीडिया सितको कुराकानीमा संसदीय कार्य मंत्री किरन रिजिजूले दिनु भयो। उहाँले भन्नु भयो

**ट्रम्प-पुतिन वार्ता**

अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजो राति रूसका राष्ट्रपति व्लादिमीर पुतिन सित करीब एक घण्टा भन्दा लामो समय सम्म कुराकानी गर्नु भयो। राष्ट्रपति पुतिनले भन्नु भयो यस वार्ताले यूक्रेनमा तत्काल शांति आउनेवाला छैन। उहाँले चेतावनी दिन्दै भन्नु भयो यो साता युक्रेनले रूसको हवाई अड्डाहरूलाई लक्ष्य गरि गरेको हमलाको जवाफ रूसले अवश्य दिन्छ। राष्ट्रपति ट्रम्पले भन्नु भएको छ पुतिनसित फोनमा झण्डै 85 मिनट कुराकानी राम्रोसित भयो तर यसमा त्यस्ता कुनै निष्कर्ष निस्किन सकेन जसमा तत्काल शांति बहाल गर्न सकियोस।

## सिक्किम पर्यटक

सिक्किमको, मंगन जिल्लामा पैरोले प्रभावित लाचेन क्षेत्रमा सड़क संचार बहाल गर्नको निम्ति सम्पूर्ण प्रयास गरिन्दैछ। मंगनको पुलिस अधीक्षकले भन्नु भएको छ त्यहाँ फसेका पर्यटकहरु लाइ निकाल्न को निम्ति विभिन्न एजेंसिहरुले मिलेर कार्य गरिरहेका छन् । उहाले भन्नु भयो कि कयौ स्थानहरुमा बुनियादी ढांचाहरु क्षतिग्रस्त भएको कारण लाचेन तर्फ जाने सबै सडकहरु बन्द छ अनि यसलाई सुचारु रूपमा ल्याउन दुइ तीन सप्ताह लाग्ने बताउनु भएको छ । हाम्रो संवाददाताले बताए अनुसार लाचेनमा फंसेका लगभग 110 पर्यटक चाटन पुगेका छन् । आज बिहान भारतीय वायुसेना का दुइ हेलिकॉप्टर त्यहा जान को निम्ति तयार रहेको बताइएको छ। खराब मौसमको कारण हिज पर्यटकहरु लाइ हवाई मार्ग द्वारा निकाल्न सकिएको थिएन । सेना, राष्ट्रीय आपदा मोचन बल, भारत तिब्बत सीमा पुलिस, सीमा सड़क संगठन, राज्य आपदा मोचन बल तथा पुलिस बचाव अनि राहत कार्यमा जुटेका छन्।

****** o ******

## AYODHYA - PRAN PRATISHTHA

गङ्गा दशहरापर्वको पावन अवसरमा अयोध्यास्थित श्रीराम जन्मभूमि मन्दिरको पहिलो तल्लामा आज राजा राम र अन्य देवीदेवताको प्राण प्रतिस्ठा गरिनेछ

## जयशंकर - ऑस्ट्रेलिया

विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले भन्नु भयो भारत र ऑस्ट्रेलिया बीच द्विपक्षीय सहयोगमा अधिक गहराई र विविधता आएको छ ।नयाँ दिल्लीमा भारत-ऑस्ट्रेलिया व्यापक रणनीतिक साझेदारीको पांच वर्ष पुरा भएको अवसरमा एक कार्यक्रममा डॉ. जयशंकरले भन्नु भयो ऑस्ट्रेलिया भारतको सबै भन्दा घनिष्ठ राजनीतिक मित्रहरु र सबैभन्दा मजबूत सुरक्षा साझेदारहरु मध्ये एक हो। उहाँले यस संबंधलाई ऊंचाइहरुमा लैजान र महत्वपूर्ण खनिजहरु, साइबर प्रौद्योगिकी, अंतरिक्ष र बंदरगाहहरु जस्ता क्षेत्रहरुको सहयोगलाई अघिको क्षेत्रहरुको रूपमा देखने प्रतिबद्धता व्यक्त गर्नु भयो।

****** o ******

## भारत - आर्थिक और सामाजिक परिषद

भारत सन 2026-28 अवधिका लागी संयुक्त राष्ट्रको आर्थिक र सामाजिक परिषद- ईसीओएसओसी को लागी चुनिएको छ |दिगो विकासका तीन आयाम– आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रलाई अगाडि बढाउन परिषद् संयुक्त राष्ट्रसङ्घको प्रणालीको केन्द्रमा रहेको छ । विदेशमन्त्री डा. सुब्रमण्यम जयशङ्करले भारतप्रति बलियो समर्थन र विश्वास का लागि सदस्य राष्ट्रहरूलाई धन्यवाद दिनु भएको छ । विदेशमन्त्रीले सामाजिक सञ्जालमा 'भारत विकासका मुद्दालाई अगाडि बढाउने र आर्थिक तथा सामाजिक परिषद्लाई मजबुत बनाउने उद्देश्यले काम गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ । परिषद्लाई संयुक्त राष्ट्रसङ्घको महत्वपूर्ण अङ्गमानिन्छ जसले आर्थिक र सामाजिक मुद्दाहरूसँग सम्बन्धित नीतिहरू सिफारिस गर्न महत्त्वपूर्ण भूमिका निभाउदछ ।

## नेपाल-पर्यटन मेला

नेपालको पर्यटनलाई बढ़ावा दिने उद्देश्यले तीन दिवसीय अंतर्राष्ट्रीय पर्यटन मेला - हिमालयन ट्रैवल मार्ट, एचटीएमको पाँचौ संस्करण काठमांडूमा शुरु भएको छ। यो आयोजन पैसिफिक एशिया ट्रैवल एसोसिएशन-पीएटीएको नेपाल चैप्टर, नेपाल पर्यटन बोर्ड, नेपाल एयरलाइंस र विभिन्न राष्ट्रीय र अंतर्राष्ट्रीय पर्यटन संगठनहरुको संयुक्त पहल हो । यसमा 30 देशहरुको 100 भन्दा अधिक अंतर्राष्ट्रीय प्रतिनिधिहरु सहित 700 भन्दा अधिक प्रतिनिधिले भाग लिरहेका छन् ।

## रेलवे- ई-आधार

रेलमन्त्री अश्विनी वैष्णवले तत्काल टिकट बुकिङका लागि ई–आधार प्रमाणीकरणको प्रयोग चाँडै सुरु गरिने बताउनु भएको छ । एक सामाजिक सञ्जाल पोस्टमा श्री वैष्णवले भन्नु भयो यसले वास्तविक प्रयोगकर्ताहरूलाई आवश्यक परेको अवस्थामा कन्फर्म टिकट प्राप्त गर्न मद्दत गर्नेछ।

**फ्रेंच ओपन टेनिस**

फ्रेन्च ओपन टेनिसको पुरुष सिंगल्सको सेमिफाइनल तय भएको छ। छैटौं वरीयताका नोभाक जोकोभिचले तेस्रो वरीयताका जर्मनीका एलेक्जेन्डर ज्वेरेभलाई हिज पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरिसकेका छन् ।

विशेष फीचर- सरकार के 11 साल (05-06-25) का लागि

****** ० ******

**वायु गुणस्तर व्यवस्थापन आयोग-निर्देशनहरू**

राजधानी दिल्ली साथै यसका छेउछाउका इलाकाहरूमा वायु गुणस्तर व्यवस्थापन आयोग-सीएक्यूएमले स्वच्छ यातायातमा संक्रमणलाई तीव्र पार्ने उद्देश्यले नयाँ दिशानिर्देशहरू जारी गरेको छ। आयोगले यस क्षेत्रका मोटर सवारी साधन एग्रीगेटरहरू, डेलिभरी सेवा प्रदायकहरू र ई-वाणिज्य संस्थाहरूलाई सार्वजनिक यातायातको अवस्थित फ्लीटमा सीएनजी, विद्युतीय तीन-चक्केअटो रिक्साहरू समावेश गर्न निर्देशन दिएको छ।

****** ० ******

-